annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १४० पृष्ठ ८ | काठमाडौं, मंगलबार १ असोज २०८१ | भाद्र शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४४ | TUESDAY, SEPTEMBER 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

## समितिले देखायो सहकारी क्षेत्र लथालिंग

# रवि लामिछानेलाई कारबाही गर्न सिफारिस



सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले झन्डै साढे तीन महिना लगाएर प्रतिवेदन संसद्लाई बुझाएको छ। प्रतिवेदनले सहकारी क्षेत्र लथालिंग अवस्था पुगेको वास्तविकता देखाएको छ। समिति निर्माणको मुख्य पृष्ठभूमिमा रहेका पूर्वउपप्रधान तथा सञ्चारमन्त्री रवि लामिछानेलाई गोर्खा मिडियामा गलत ढंगले आएको सहकारीको पैसा खर्च गरेको अभियोगमा कारबाहीका लागि सिफारिस गरिएको छ।

समाचार पृष्ठ २

**केशरराज क्षेत्री** | *काठमाडौं*

**– को रिपोर्ट**

### समितिले दिएका सुझावहरू

- सहकारी क्षेत्रको नियम र व्यवस्थापनलाई सुधार गर्न, कानुनी प्रावधानहरूलाई स्पष्ट र एकरूप बनाउन आवश्यक छ ।
- संघीय, प्रादेशिक र स्थानीय तहका कानुनहरूको समन्वय गर्दै एकै रूपका कानुनी संरचना बनाउनुपर्छ, जसले समन्वय सहितको कार्यान्वयनलाई मद्दत गर्ने छ ।
- सहकारी क्षेत्रको संख्यात्मक वृद्धिसँगै गुणात्मकतामा ध्यान दिन गुणस्तरीय शिक्षा, तालिम र अनुगमनको व्यवस्था गर्नुपर्छ ।
- सहकारी क्षेत्रको अनुगमन र सुपरीवेक्षणका लागि संघ, प्रदेश र स्थानीय तहमा आवश्यक स्रोत साधनसहित नियामक निकायमा विषय विज्ञसहितको दरबन्दी र तत्काल पदपूर्तिको प्रबन्ध गर्नुपर्छ ।
- बचत तथा ऋण सहकारीहरूको दर्ता, कार्यक्षेत्र र सेवाकेन्द्र विस्तार हाललाई रोकी प्रभावकारी नियमनमा ध्यान केन्द्रित गर्नुपर्छ ।
- सहकारीको मुख्य प्रशासनिक अधिकारीको स्वविवेकीय अधिकारलाई उत्तरदायी र जवाफदेही बनाइ सहकारीहरूको सेवा विस्तार र एकीकरण (मर्जर) प्रक्रियामा पारदर्शिता र सदस्यहरूको सहमतिलाई अनिवार्य बनाउनु आवश्यक छ ।



बचतकर्ताको रकम हिनामिना र ठगी गरेका सहकारीहरूले विवाहदेखि ऋणी तयार पार्दासम्म नक्कली मानिस खडा गरेको भेटिएको छ। नक्कली व्यक्ति खडा गर्ने बिगबिगी नै रहेछ।

**सूर्य थापा**

सभापति, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समिति

## सरकारद्वारा सर्वोच्चको फैसला पुनरावलोकन गर्न रिट

**काठमाडौं** (अन्नपूर्ण) : सरकारले सर्वोच्च अदालतबाट काठमाडौं उपत्यकाभित्र रहेका बागमती र सहायक नदीहरूका किनाराबाट न्यूनतम २० मिटर छोडेर मात्र निर्माणको अनुमति प्रदान गर्न गरेको फैसला पुनरावलोकनमा गएको छ। न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र विनोद शर्माको इजलासबाट भएको फैसला पुनरावलोकनका लागि निवेदन दर्ता भएको हो। सर्वोच्चले खोलाको हकमा दायाँबायाँ न्यूनतम् अर्को थप २० मिटर छाडेर मात्र निर्माणको अनुमति प्रदान गर्न फैसला गरेको थियो।

सरकारले महान्यायाधिवक्ताको कार्यालयमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव फणीन्द्र गौतम निवेदक भएर पुनरावलोकनको रिट दर्ता गरिएको हो। रिट निवेदनमा भनिएको छ, 'खोला वा नदी किनाराको तटीय क्षेत्र कायम गर्नेसम्बन्धी प्रचलित कानुनी व्यवस्थाबाट कुनै नकारात्मक प्रभाव नपरिरहेको वर्तमान सन्दर्भमा सम्मानित अदालतको उपर्युक्त आदेशबाट थप सकारात्मक प्रभाव पर्नेसमेत नदेखिएको हुँदा सो आदेश पुनरावलोकन गरिपाउँ।' आधार र कारण एवं नजिर समेतका आधारमा अदालतबाट भएको परमादेशको आदेश जारी हुने गरी भएको फैसला पुनरावलोकन गर्न निवेदन दिइएको छ। रिट निवेदकले दाबी जिकिर नै नलिएका विषयमासमेत अदालत प्रवेश गरी फैसला भएको दाबी सरकारले गरेको छ।

## प्रधानन्यायाधीशमा राउत सिफारिस

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउत प्रधानन्यायाधीशमा सिफारिस भएका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सोमबार बसेको संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशका लागि राउतको नाम सिफारिस गर्ने सर्वसम्मत निर्णय गरेको हो। बैठकमा परिषद्का सदस्यका रूपमा प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, प्रतिनिधिसभाको विपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' र प्रतिनिधिसभा उपसभामुख इन्दिरा राना सहभागी थिए। उपसभामुख रानाले वरिष्ठताका आधारमा प्रधानन्यायाधीशमा राउतको नाम सिफारिस गरिएको जानकारी दिइन्।

गत भदौ २० गते न्यायपरिषद्ले प्रधानन्यायाधीशमा सिफारिसका लागि ८ जना न्यायाधीशको सूची संवैधानिक परिषद्मा पठाएको थियो। न्यायाधीशहरू राउतसहित सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना, कुमार रेग्मी, हरिप्रसाद फुयाल, डा. मनोज शर्मा, डा. कुमार चुडाल र डा. नहकुल सुवेदीको नाम सिफारिस गरी पठाइएको थियो। वरिष्ठताका आधारमा राउतलाई छनोट गरी सिफारिस गरिएको हो। अब उनको



संसदीय सुनुवाइ हुने छ। संसदीय सुनुवाइबाट अनुमोदित भएमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानन्यायाधीशमा नियुक्ति गर्ने बाटो खुल्ने छ। ३२ औं प्रधानन्यायाधीश भएमा उनले झन्डै १८ महिना न्यायपालिकाको नेतृत्व गर्ने छन्।

**वकालतदेखि न्याय सम्पादनको पृष्ठभूमि**

६३ वर्षीय राउत उदयपुरमा जन्मिएका हुन्। उनी २०१७ साल चैत १८ गते जन्मिएका थिए। प्रधानन्यायाधीशको उमेर हद ६५ वर्ष रहेको छ। उनले आगामी २०८२ चैत १८ गतेसम्म प्रधानन्यायाधीशको जिम्मेवारी सम्हाल्ने छन्। उमेर हदका कारण उनले ६५ वर्ष पूरा हुँदा अवकाश पाउने छन्।

» बाँकी पृष्ठ ६

'हिंसा' शब्दबारे माओवादी टिप्पणीमा प्रधानमन्त्रीको प्रश्न

# 'बम विस्फोट भन्न नहुने हो ?'

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

'हिंसा' शब्दमा भइरहेको गलफतिलाई लक्षित गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले पाँचथरको बम विस्फोटको घटना स्मरण गराएका छन्। प्रतिनिधिसभामा सोमबार सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले पाँचथरमा दुई बालबालिकाको निधन बम विस्फोटबाट भएको भन्न हुने कि नहुने भन्दै प्रश्न गरे।

'प्राकृतिक विपत्ति पनि होइन, पाँचथरमा दुई जना बालबालिकाको निधन भयो। अहिले त्यति भनौं। कसरी निधन भयो भन्ने अब पछि कुरा गरौंला। बम विस्फोटबाट भन्न हुने हो कि नहुने हो? यहाँ त अन्योल भइराखेको छ। तर, बम विस्फोटबाट दुई बालबालिकाको मृत्यु भयो,' उनले भने, 'म दुःख व्यक्त गर्न चाहन्छु। उहाँका परिवारजनलाई सरकारले पाँच/पाँच लाखका दरले क्षतिपूर्ति दिने र दुई जना अरू घाइते छन्। उनीहरूको उपचारको जिम्मा सरकारले लिनेछ।'

एमालेका सचिव एवं प्रतिनिधिसभा सदस्य योगश भट्टराईले 'हिंसा' शब्द बोलेपछि संसद्मा हंगामा नै



हुँदै आएको छ। माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल'प्रचण्ड' सहितका नेताले यसको कडा आलोचना गर्दै आएका छन्। हिंसा शब्दको विषयमा माओवादी केन्द्र र एमालेका नेताबीच भनाभन, विवाद हुँदै आएको छ। यो शब्दमाथि नियमापति जनाउँदै केन्द्र माओवादी केन्द्रले संसदको रेकर्डबाट हिंसा शब्द हटाउन माग गरेको थियो। तर, सभामुख देवराज घिमिरेले यो असंसदीय शब्द नभएको भन्दै हटाउनु नपर्ने बताएपछि माओवादी केन्द्र थप आक्रोसित हुँदै आएको छ।

उसले संसद् नै अबरोध गरेको छ। केही दिनयता संसद् अवरुद्ध गरिरहेको माओवादी केन्द्रले प्रधानमन्त्री ओली अमेरिकामा हुन गइरहेको संयुक्त राष्ट्र संघको महासभामा जानुअघि देशका नाममा गर्ने सम्बोधन भनेपछि अबरोध नगर्ने बताएर सोमबारको सदन चल्न दिएको छ।

संसद्मा बोल्दै प्रधानमन्त्री ओलीले प्रतिस्पर्धा स्वस्थ हुनुपर्ने बताए। उनले भने, 'प्रतिस्पर्धा स्वस्थ हुनुपर्छ। प्रतिस्पर्धा भनेको झुटो कुराको बखान होइन। झुटा आरोप, लाञ्छना प्रतिस्पर्धा होइन। कुइनो हानाहान, छिर्के लडाउने प्रतिस्पर्धा होइन। प्रतिस्पर्धा दौडनु हो।' उनले एनार्किज्म र डेमोक्रेसी छुट्याउन सक्नुपर्ने बताए। 'अराजकता डमोक्रेसी होइन,' उनले भने।

» बाँकी पृष्ठ ६

